समृद्ध गंगादेव, सम्मानीत गंगादेवबासी

आर्थिक वर्ष २०८१/०८२ को

# नीति–तथा कार्यक्रम

गंगादेव गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०८१/०३/०८ गते

ने.सं. ११४४ दिल्लागा २

गंगादेव गाउँपालिकाको १७ औं गाउँसभाको अधिवेशनका उपस्थित

उपाध्यक्षज्यू,

गाउँसभा सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरु,

सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरु, समाजसेवी, वुद्धिजीवि तथा उपस्थिति सम्पूर्ण महानुभावहरु ।

**पृष्ठभूमि**

नेपाली समाजलाई राजनैतिक आर्थिक लगाएतको क्षेत्रमा रुपान्तरण गरी अब्बल र समृद्ध देश नेपाल विश्व सामु चिनाउने महान उद्धेश्य राखी वि.सं २००७ साल देखि विभिन्न समय तथा काल खण्डमा आन्दोलन तथा बिद्रोह गरी करिव ७० वर्ष लामो संघर्ष र बलिदानबाट प्राप्त संघीयता,गणतन्त्र,धर्म निरपेक्षता र समावेशीताको कार्यान्वयनको चरण वा प्रकृयामा यतिबेला हामी छौं । यो सन्दर्भमा हरेक परिवर्तनमुखी आन्दोलनमा बलिदानको कोटा पुरा गर्न आफुलाई बलिभेडीमा चढाएर महान उपलब्धीसँग अमूल्य रगत साट्नुहुने महान शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु।

शहिदका सपना र आम नेपाली जनताको चाहाना तत्कालका लागि सापेक्षित रुपमा २०७२ मा जारी भएको नेपालको संविधानमा सुनिश्चित भएको छ । बाँकी सपना र चाहानाहरु पुरा गरी वैज्ञानिक समाजवाद मानव समानताको सुन्दर समाजमा पुग्न हाललाई वर्तमान संविधान र संविधानले प्रदान गरेको हक र अधिकारलाई उपयोग र कार्यान्वयन गर्नुको विकल्प छैन । स्थानीय सरकारको रुपमा रहेको गंगादेव गाउँपालिकाका निर्वाचित पदाधिकारीहरुको संघीयता पछिको पहिलो पाँच बर्षे कार्यकाल सकिए पश्चात दोश्रो कार्यकालका लागि हामी निर्वाचित भएको पनि दुई बर्ष भन्दा बढी व्यतित भइसकेको वर्तमान अवस्थामा हामी नयाँ सोच र उर्जाका साथ गंगादेव गाउँपालिकाको १७ औं गाउँसभाको शुभारम्भमा आइपुगेका छौ ।

नेपालको संविधान जारी पश्चात संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्यको संरचनाको व्यवस्था सँगै स्थानीय तहको रुपमा गंगादेव गाउँपालिको स्थापना भई स्थानीय सरकारको रुपमा काम गर्दै आईरहेको छ । संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था अनुरुप म गंगादेव गाउँपालिकाको १७ औं गाउँ सभाको प्रथम अधिवेशनमा आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारको विकास सम्बन्धी लक्ष्य उदेश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । विकास निर्माणका साधन स्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरुमा सहज पहुँचसँगै निकायगत अन्तर समन्वय र साझेदारीमा हाम्रो महत्वपूर्ण भूमिका रहन्छ। यसर्थ हामीले नेपाल सरकार तथा प्रदेश तहको योजना तथा नीति सँगै यस गाउँपालिकाले नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छौं ।

विकास र सुशासन अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रविन्दुको रुपमा स्थापना गर्दै जनतालाई पुर्याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य,रोजगार, विद्युत, खानेपानी तथा सरसफाई लगाएतका सार्वजनिक सेवा सुविधा प्रदान गरी **"समृद्ध गंगादेव, सम्मानीत गंगादेवबासी"** को दिर्घकालीन सोच पुरा गर्न हाम्रो महत्वपूर्ण भुमिका रहन्छ । यसका लागि सरकारी, निजि, गैर सरकारी, सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्यको अपेक्षा राखेका छौ ।

**महत्वपूर्ण प्रयासहरु :**

- ✓ गाउँपालिकालाई विधि सम्मत ढंगले अघि बढाउन स्थानीय कानुनहरुको महत्वपूर्ण भूमिका रहेको छ सोको लागि गाउँपालिकाले हालसम्म कार्यक्रम सञ्चालनमा सहजता ल्याउन आवश्यक स्थानीय कानुन तयार गरी कार्यान्वयन गरेको छ ।
- ✓ कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा भौतिक पूर्वाधार र वन तथा वातावरणका सवालहरु पूर्ण रुपमा सम्बोधन भई नसकेको अवस्थामा उक्त सवालमा गाउँपालिकाको प्रयास निरन्तर भई रहने प्रतिवद्धता यस सभामा प्रस्तुत गर्न चाहन्छु ।
- ✓ कृषि क्षेत्रलाई विशेष प्राथामिकता राखी विभिन्न कृषक हरुलाई किसिमका तालिम तथा बिउँ बिजन तथा औषधिहरु वितरण गरिएको छ ।
- ✓ कृषि पकेट क्षेत्रको रुपमा लुम्बिनी प्रदेशकै नमुनाको रुपमा विकास भईरहेको यस गाउँपालिकाको जिनावाङ सम्म सडक स्तरोन्नती गर्न गरेको निरन्तर प्रयास पछि उक्त सडक खण्ड स्तरोन्नती गर्न बजेट विनियोजन भएको छ ।उक्त योजना संचालमा पहल गर्नुहुने निवर्तमान मुख्य मन्त्री डिल्ली बहादुर चौधरी र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । उक्त सडक निर्माणकार्य बाट स्थानीय उत्पादनलाई बजारीकरणमा टेवा पुग्ने अपेक्षा रहेको छ ।
- ✓ **उज्यालो गंगादेव**को नारालाई साकार पार्न पालिका भरमा विद्युत विस्तारको लागि पहलहरु गरिएको छ । विस्तार सुरु गर्न सबै वडामा सर्वेको काम सम्पन्न भएको छ ।
- ✓ गंगादेव २ सुखाओडारमा राम्रो नेटवर्कको कभरेज बढाउन ओइलाम डाँडामा नेपाल टेलिकमबाट टावर निर्माणको लागि सर्वेको काम सम्पन्न भएको छ। यसै वर्षमा संचालनमा ल्याउन आवश्यक सम्वन्य गरिने छ।
- ✓ पालिकाको मुख्य सडक दाङ-तुलसीपुर-कपुरकोट-कोईला हुदै झ्याम जोड्ने मोटर बाटोलाई स्तर उन्नती तथा पक्की सडक निर्माण गर्न संघ र प्रदेश सरकार तथा योजना आयोग सँग पहल गरिएको छ । पहल सँगै यस आ.व. २०८१/०८२ को लागि रकम समेत विनियोजन भएको छ।
- ✓ स्थानीय स्तरका पर्यटन, धार्मिक स्थल, कला सँस्कृतिलाई उजागर गर्दै प्राकृतिक स्रोतहरुको संरक्षण, संवर्द्धन र सदुपयोगका लागि गाउँपालिकाले आफ्नो भुमिकालाई सशक्त ढंगले स्थापना गर्ने प्रयत्न गर्दै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**आ.व. २०८०/०८१ को संक्षिप्त समिक्षा**

- ✓ गंगादेव गाउँपालिकाको कृषि क्षेत्रलाई प्रर्वद्धन गर्न किसानहरुलाई विभिन्न तालिमहरु प्रदान तथा बिउँ बिजन तथा औषधिहरु वितरण गरिएको छ। कृषकहरुलाई थप प्रतिस्पर्धी बनाउन उत्कृष्ट किसान सम्मान कार्यक्रम सम्पन्न गरिएको छ।

- ✓ गाउँपालिकाको पत्येक वडामा सडक सुविधा पुर्याउने नीतिलाई कार्यान्वयन गरिएको छ र त्यस्ता सडकलाई स्तरोन्नती गर्दै लगिएको छ । यस आ.व. मा मात्रै ११ कि.मी. सडक स्तरोन्नती गरिएको छ भने २ ओटा सडक टेन्डर मार्फत काम गरिएको छ ।
- ✓ यातायातलाई सहज बनाउन गाउँपालिकाका सबै वडाका मोटर बाटो तथा गोरेटो बाटोहरु सरसफाई तथा स्तरउन्नति गरिएको छ ।
- ✓ गंगादेव गाउँपालिका वडा नं. ४ स्थित म्वालेखोला स्वास्थ्यचौकी भवन निर्माण कार्य सम्पन्न भएको छ। सोहि वडाको वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा छ ।
- ✓ सीमित श्रोत साधानका बावजुत जनतालाई खानेपानीको पहुँच पुऱ्याउने उदेश्यले गाउँपालिकाबाट र लुम्बिनी प्रदेश सरकारको सहकार्यमा वडा नं. १ मा मुलखोला देखी मेल्डाँरी सम्म खानेपानी आयोजना निर्माण सम्पन्न भएको छ ।
- ✓ मेडपा कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना गरिएको साथै उद्धमीहरुको माग बमोजिम सीप विकास तालिम प्रदान गरिएको छ । त्यस्तै सहभागीहरुलाई विभिन्न प्रविधि हस्तान्तरण गरिएको छ ।
- ✓ पालिकाको वडा नं २ मा रहेको ओइलाममा खानेपानीको चरम समस्या समाधान गर्न लिफ्ट खानेपानी आयोजना संचालनको अन्तिम चरणमा पुगेको छ ।
- ✓ पशुपंक्षी पालन सम्बन्धी तालिम. पशु स्वास्थ्य शिविर, पशुपंक्षी खोप कार्यक्रम, नियमित पशुपंक्षी उपचार तथा परामर्श सेवा सञ्चालन गरिएको छ ।
- ✓ बाख्रा पकेट विकास कार्यक्रम वडा नं ४ मा सञ्चालन गरीएको छ ।
- ✓ चुनावको घोषणापत्र अनुसार जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरुको सामाजिक सुरक्षा भत्ता सबै वडाको टोल टोलबाट वितरण गरिएको छ।
- ✓ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि पालिकाको जिनावाङ स्वास्थ्य चौकीमा ल्याव सेवा पुनः सञ्चालनमा ल्याइएको छ ।
- ✓ पालिकाबासीको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य शिविर विशेषज्ञ डाक्टरहरु द्वारा सञ्चालन गरीएको छ ।
- ✓ माडि गा पा ४ रिजावाङ हुँदै दलसिङ्गे रुकुम जोड्ने सडकको गंगादेव ७ दाम्खु सडक खण्डको ट्र्याक जोड्ने कार्य अन्तिम चरणमा रहेको छ ।
- ✓ ८० वर्ष माथीका जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।
- ✓ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ७ वटा विद्यालय भवन निर्माण सम्पन्न गरिएको छ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत वेरोजगारहरुले न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूति गर्दै १६ वटा योजना सञ्चालन भएका छन् ।
- ✓ योजना सम्झौता कार्यलाई थप प्रभावकारी बनाउन योजना एप संचालनमा ल्याई अनलाईन माध्यम बाट वडा कार्यालय बाटै योजना सम्झौता गर्ने व्यवस्था गरिएको छ ।

- ✓ सार्वजनिक सेवा प्रभालाई छिटो छरितो सेवा प्रदान गर्न र सुशासन कायम गर्नका लागि गाउँपालिका, वडा कार्यालय र सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गरी सञ्चालनमा ल्याइएको छ।
- ✓ स्थानीय न्यायिक समितिले न्याय समितिमा आएका विवादहरुको मेलमिलापको माध्यमबाट मिलापत्र गराई स्थानीय तहमै न्याय निरुपण गर्ने गरीएको छ।
- ✓ बहुक्षेत्रिय पोषण  कार्यक्रम अन्तर्गत कुपोषणमा परेका सुनौला हजार दिनका आमा तथा शिशुहरुलाइ पोषण कार्यक्रम सञ्चालन गरिएको छ ।
- ✓ स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन गरिएको छ । यस कार्यलाई थप प्रभावकारिताका साथ निरन्तरता दिइने छ।
- ✓ रोजगार सेवा केन्द्रबाट बैदेशिक रोजगारमा जानेहरुका लागि श्रम स्वीकृति सुरु गरिएको छ ।
- ✓ यस पालिकाको वडा नं. ४ मा रहेको जनता विकास सुपाटोट्केलाई मा.वि सञ्चालनको अनुमति प्रदान गरिएको छ ।
- ✓ कार्यालयहरुको गतिविधिहरु नियमित रुपमा गाउँपालिकाको वेवसाइट, फेसवुक पेज लगाएत सूचना पाटी मार्फत सार्वजनिक गर्ने गरिएको छ।

सभाका सदस्यज्यूहरु, अब म गंगादेव गाउँपालिकाको आगामी आ.व. को सोच, लक्ष्य तथा उदेश्य र अबलम्बन गरिएका नीतिहरुको संक्षेपमा जानकारी गराउन चाहन्छु ।

**सोचः "समृद्ध गंगादेवः सम्मानीत गंगादेवबासी"**

**लक्ष्य**ः आर्थिक, सामाजिकभौतिक, वन वातावरण र संस्थागत क्षेत्रको सम्रग पक्षको विकास गरी समृद्ध गंगादेव सुखी र सम्मानित गंगादेव बासीको गन्तव्यमा पुग्न उत्पादन र रोजगारीलाई प्राथामिकतामा राखी नगर उन्मुख पूर्वाधार तयार गर्ने

**उदेश्यः**

- ➢ गाउँपालिकामा विद्यमान जमिन, जङ्गल, जल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु
- ➢ गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास तथा सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्बद्र्धन गर्दै मौलिकतामा आधारित गंगादेव गाउँपालिकाको सर्वाङ्गीण विकास गर्नु

सभाका सदस्यज्यूहरु,

**अब म आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

१. उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पहुँच, रोजगारी श्रृजना, मानव पूँजी निर्माण, गरिबी न्यूनीकरण, दिगो विकास र पर्यावरणीय सन्तुलन, गुणस्तरीय सार्वजनिक सेवा प्रवाह, संघीयताको प्रभावकारी कार्यान्वयन र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ ।

२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

३. गंगादेव गाउँपालिकाका विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघ र प्रदेशमा पठाउन योजना वैंक निर्माण गरिने छ ।

४. नगर प्रहरीको पदपुर्ति गर्न आवश्यक प्रक्रिया अगाडी बढाईने छ ।

५. भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित वसोबासीलाई लालपुर्जा प्रदान गर्न आवश्यक समन्वय तथा पहल गरिने छ ।

६. यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**कृषि विकास तथा पशु सेवा तर्फ**

७. "**बनाऔं फलफूल र अन्नको भण्डारःगंगादेवबासीको समृद्धिको आधार**" नाराका साथ कृषि तथा फलफूल खेतीको यान्त्रिकीकरण,व्यवसायीक र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी निर्यातमा वृद्धि गर्ने लक्ष्य लिइने छ ।

८. किसानलाई आधुनिकिकरण प्रविधि सँग जोडन् विभिन्न प्रकारका मेसेनरी तथा कृषि औजार उपकरणहरु ७५ प्रतिशत अनुदानमा कृषि फर्म तथा कृषक समुहहरुलाई वितरण गर्ने व्यवस्था मिलाईने छ ।जसको लागि आवश्यक बजेट विनियोजन गरिने छ।

९. गंगादेव गाउँबासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि "**हाम्रा लागि हाम्रै उत्पादन**" अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न, फलफूल तथा तरकारीजन्य उपजको उत्पादनका लागि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ।

१०. पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि गाई, भैंसी, बाख्रा, भेंडा, कालिज, कुखुरा, माछा, बँगुर, बदेल, खरायो, टर्की, बट्इ, जस्ता पशुपंक्षी उत्पादनमा जोड दिइने छ।

११. कृषि पेशालाई थप प्रभावकारी तथा प्रतिस्पर्धि बनाउन अध्यक्ष उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ । जसको लागि आवश्यक कानुन को निर्माण गरिनेछ ।

१२. "सिंचाइमा **नवीनतम् प्रविधिको प्रयोगः खाद्य तथा नगदे बाली उत्पादनमा जोड"** नाराका साथ गंगादेव गाउँपालिका भित्र रहेका कृषक समुह, कृषि सहकारी मार्फत सबै वडाहरुमा आवश्यकताको आधारमा उपयुक्त रहने साना सिचाइ आयोजना ५० प्रतिशत अनुदानमा संचालनको लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ।

१३. प्रत्येक वडाहरुमा एक गाउँ एक पकेट क्षेत्र संचालन कार्यक्रमलाई निरन्तरता दिइने छ।

१४. स्याउ तथा किवि खेती गरिरहेका कृषकहरुलाई खेती प्रविधि तथा विभिन्न रोग नियन्त्रण तथा नेपाल सरकारका सम्वन्धित क्षेत्रका विषय विज्ञ मार्फत तालिम संचालन गर्ने व्यवस्था मिलाईने छ।

१५. किसानको वर्गिकरण र कृषि अनुदानमा दोहोरोपना हटाउन किसानको पहिचान गरि किसानका सबै विवरणहरु एकै स्थानमा राख्न किसान परिचयपत्र वितरण गर्न किसान सूचिकरण कार्यक्रम वडा नं १ र ३ बाट सुरु भएको छ । एक आर्थिक वर्षमा सबै वडाहरुमा किसान सूचिकरण गर्न तथा किसान परिचयपत्र बितरण सम्पन्न गर्न पर्याप्त बजेट व्यवस्थापन गरिने छ।

१६. पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत विरामी पशु पंक्षीहरुको निशुल्क चेकजाँच तथा औषधी वितरण उपचार र कृषकलाई परामर्श सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१७. व्यवसायीक रुपमा स्याउ खेती गरिरहेका कृषकहरुलाई लक्षित गरि निजि कृषि फर्म, कृषक समुह मार्फत हाइडेनसिटि प्रजातिको स्याउ खेती कार्यक्रम संचालन गर्न आवश्यक अध्ययन गरिनेछ ।

१८. पालिका भित्र रहेका कृषकहरुलाई विभिन्न प्रकारका रोग नियन्त्रण गर्न विषादि र विभिन्न प्रजातिका बीउ बिजन, मल, कृषि औजार उपकरण पर्याप्त भएको स्थानीय सरकारको स्वामित्वमा रहने गरि पालिका स्तरीय एग्रोपसल संचालन गर्न अध्ययन तथा बजेट व्यवस्था गरिनेछ ।

१९. विभिन्न प्रजातिका रोगकिरा नियन्त्रण गर्न विषादि तथा उन्नत तथा हाइब्रिड ताजा तरकारी, बीउ बिजन र उन्नत जातका मकैका बीउ वितरण गरिने छ।

२०. हाल किवी खेति गरिरहेका आर्थिक रुपमा लगानी गर्न नसकने कृषकहरुलाई पोल, तार व्यवस्थापनमा ५० प्रतिशत्त अनुदानमा कार्यक्रम संचालन गर्न कृषि सहकमरी, कृषक समुह र कृषि फर्मलाई आर्थिक अनुदान दिने व्यवस्था मिलाइने छ।

२१. बढ्दो रासायनीक मल र विषादिको प्रयोग बाट बाली विरुवाहरु रोगी हुने उत्पादनमा ह्रास हुदै जाने कुरालाई नियन्त्रण गर्न तथा उत्पादन बढाउन रासायकीन पदार्थको नियन्त्रण गर्न माँटो परिक्षण कार्यक्रम संचालन गरिनेछ । जसको लागि आवश्यक बजेट व्यवस्था गरिने छ।

२२. विभिन्न बाली विरुवामा लाग्ने रोग, किरा नियन्त्रण गर्न पलान्ट क्लिनिक संचालन गर्ने व्यवस्था मिलाइने छ।

२३. गंगादेव गा पा को वडाहरुमा कृषि उपज उत्पादनका आधारमा कृषि उपज संकलन केन्द्र निर्माणको प्रक्रिया अगाडी बढाईने छ।

२४. पशु पंक्षीहरुको विभिन्न महामारी रोग नियन्त्रणका लागि कृषकहरुलाई निशुल्क खोप उपलब्ध गराईने छ ।

२५. यस गाउँपालिकाको वडा नं. ३ को नमुना उत्पादन प्रविधिलाई क्रमश किसानहरुको आवश्यकताको आधारमा अन्य वडाहरुमा विस्तार गरिदै लगिने छ।

२६. पालिका भित्र उत्पादित कृषि उपज सामाग्रीहरुको सर्वशुलभ बजारीकरणको लागि विभिन्न माध्यमवाट प्रचार प्रसार गरिने र उत्पादित सामाग्रीलाई गंगादेव गाउँपालिकाको नामाकरण रहने गरी लेवलिङ र प्याकेजिङ गर्ने व्यवस्था मिलाइने छ।

२७. व्यवसायीक रुपमा आलु तथा लसुनको बीउ उत्पादन गर्न तालिम र बीउ बिजनमा कृषि समुह, कृषि सहकारी र निजि कृषि फर्मलाई ७५ प्रतिशत्त अनुदान दिने व्यवस्था मिलाइने छ ।

२८. खसी बोका सहकारी मार्फत बिक्री वितरण गर्दा किसानलाई प्रति किलो थप २० रुपैया दिने व्यवस्था मिलाउन आवश्यक सहजिकरण गरिने छ ।

२९. कुनैपनी कृषि तथा पशुपंक्षी सम्वन्धी कार्यक्रम एक आर्थिक वर्षमा सम्पन्न हुन नसकिने कार्यक्रम आवश्यक्ताको आधारमा अर्को आर्थिक वर्षमा समपन्न निरन्तरता गर्न व्यवस्था मिलाइने छ।

३०. गंगादेव गाउँपालिका भित्र सिँचाइको अभाव रहेका सबै ठाउँहरुमा व्यवसायीक रुपमा पशुपंक्षी र मौरी पालन व्यवसाय संचालन गरिनेछ । सिँचाइ प्रर्याप्त भएका ठाउँहरुमा व्यवसायीक ताजा तरकारी, मसला बाली र आलुको उत्पादन लाई वढावा दिइने छ ।

३१. सबै क्षेत्रहरुमा भुगोल अनुसारको उत्पादन योग्य फलफूल उत्पादन गर्न अनिवार्य रुपमा प्रति घर ५० बोट फलफूल खेती गर्ने व्यवस्था मिलाइने छ।

३२. कृषि सहकारी संस्था मार्फत गंगादेव गाउँपालिका भित्र रहेका उत्पादन सामग्रीको वजारिकरण गर्न विचौलियाको अन्तय गरी किसानको वजारिकरणको समस्यालाई अन्तय गर्न सम्वन्धित क्षेत्रका सरोकारवालाहरु संघ छलफल गरि वजारीकरण को सुनिश्चता गरिने छ।

३३. गाउँपालिका स्तरमा कृषकहरुको हितलाइ मध्यनजर गरी एक किसान संजाल गठन गरिने छ र उक्त संजालवाट किसानका आवश्यकताहरुलाई छलफलमा लयाइने छ र सोही वमोजिम आवश्यकता को आधारमा विभिन्न कार्यक्रम वनाउने निति लिइने छ।

३४. कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन गर्न कार्यविधि वनाउन आवश्यक वजेट व्यवस्थापन गरिने छ।

३५. **कृषक सँग प्राविधिक** घरदैलो कार्यक्रम संचालन गरीने छ ।

३६. १०० भन्दा बढी बाख्रा पालन गरेका फर्महरुलाई अनुदानको व्यवस्था गरीने छ ।

सभाका सदस्यज्यूहरु,

## शिक्षा तथा खेदकुद विकास तर्फ

३७. प्रारम्भिक वालविकास शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनुका साथै आधारभूत तहलाई सिकाईको जगको रुपमा विकास गरिने छ ।

३८. शिक्षा शाखाको मातहतमा पालिका स्तरीय बिद्यालय निरक्षण तथा अनुगमन समिति निर्माणको प्रकिया अगाडी बढाइने छ ।जसको लागि आवश्यक कानुन निर्माण गरिने छ ।

३९. गंगादेव गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रदान गर्दै आएको गाउँपालिका शिक्षक अनुदानलाई चौमासिक रुपमा अनुगमन गरी विद्यार्थी संख्याको आधारमा थप व्यवस्थित गर्दै लगिनेछ।

४०. बिद्यालयहरुमा मासिक रुपमा अनिवार्य परिक्षा संचालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ।

४१. शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम र विकास कार्यक्रमहरू संचालन गरिने छ।

४२. पालिका भित्रका उत्कृष्ट सामुदायीक विद्यालय र विद्यार्थीहरुको लागि आवश्यक पुरस्कारको व्यवस्था गरिने छ ।

४३. सबै सामुदायिक विद्यालयहरुमा क्रमिक रुपमा प्रविधिमैत्री कार्यक्रमलाई विस्तार गर्दै लगिने छ ।

४४. गाउँपालिकाको प्रत्येक सामुदायिक विद्यालयमा पहिलो शैक्षिक क्यालेन्डरमा उल्लेख गरेबमोजिम प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप संचालन गरी विद्यार्थीको प्रतिभाको चौतर्फी विकास गर्ने कार्यमा जोड दिईनेछ।

४५. प्रत्येक विद्यालयमा अनिवार्य अनुसन्धान इकाइ गठन गरि शैक्षिक अनुसन्धान र स्थानीय सामाजिक तथा आर्थिक मुद्दाहरुको नियमित अनुसन्धान गरि प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

४६. स्थानीय पाठ्यक्रम तयार गरी सामुदायिक विद्यालयका कक्षा १ देखि ८ सम्म लागू गरिने छ ।

४७. दिवाखाजा खुवाउदा स्थानीय स्तरका रैथाने बालिहरुबाट उत्पादित आर्गनिक खाद्य बस्तुहरुबाट बनेका परिकार खुवाउन विद्यालयलाई निर्देशन गरिनेछ ।

४८. विद्यार्थीहरूको शारीरिक स्वास्थ्य र खेलकुद प्रतिभा विकासका लागि राष्ट्रपति रनिङ शिल्डलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिने छ ।

४९. पालिका स्तरिय खेलकुद क्लबहरूको स्थापना र प्रवर्धनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ।

५०. विद्यालयका समस्या र समाधानका बिषयमा केन्द्रित बनाउन प्रधानाध्यापकहरुको बैठकलाई घुम्ति बैठकको रुपमा परिमार्जन गरि पालिका भरिका फरक फरक बिद्यालयहरुमा बस्ने व्यवस्था गरिने छ।

५१. प्रत्येक वडामा १/१ वटा खेल मैदान निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

५२. पालिका भित्र रहेका माध्यामिक विद्यालयका खेलकुद शिक्षकहरुलाई खेलकुद प्रशिक्षणको लागि प्रशिक्षण कार्यक्रमको संचालन गरिने छ ।

५३. पुरानो र नयाँ पुस्तालाई एकै ठाउँमा ल्याउने गरी टोलटोलमा सामुदायिक ज्ञान केन्द्रको निर्माण योजना अगाडी सारिने छ ।

५४. गंगादेव गाउँपालिकाको गाउँशिक्षा नियमावली, २०८० र गाउँपालिकाको शैक्षिक क्यालेण्डर २०८० पूर्ण रुपमा लागू गरिनेछ ।

५५. विद्यार्थीहरूको शैक्षिक विकासमा मातापिताको सहभागिता प्रोत्साहित गर्ने कार्यक्रमहरू संचालन गरिने छ ।

५६. विज्ञान, गणित, कला, र साहित्यमा विशेष प्रतिभा भएका विद्यार्थीहरूको पहिचान र प्रोत्साहनका योजना अगाडि सारिने छ ।

**स्वास्थ्य तर्फ**

५७. यस गाउँपालिकामा सेवा दिइ रहेका सरकारी सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई थप प्रविधि तथा पूर्वाधार मैत्री बनाउन आवश्यक स्रोत साधनको ब्यबस्था गरिने छ ।

५८. नेपाल सरकारको भवन मापदण्ड अनुसार भवन नभएका स्वास्थ्य संस्थाहरुको क्रमशः मापदण्ड अनुसारको भवन निर्माण कार्य अगाडि बढाईने छ ।

५९. यस पालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागि निःशुल्क स्वास्थ्य बीमाको व्ववस्था गरिने छ ।

६०. महिला स्वास्थ्य स्वयं सेविकालाई हाल स्थानीय सरकारबाट मासिक रुपमा प्रदान गरिदै आएको खाजा तथा यातायात बापतको सुविधालाई निरन्तरता दिईने छ ।

६१. महिला स्वास्थ्य स्वयं सेविका दिवस तथा स्वास्थ्य क्षेत्रका अन्य दिवसहरु भब्य रुपमा मनाउन आबश्यक बजेटको ब्यबस्था गरिने छ ।

६२. ७० वर्ष माथिका जेष्ठ नागरीक र क,ख वर्गका अपाङ्गहरुका लागि स्वास्थ्यकर्मीहरु द्वारा घरमा नै निःशुल्क स्वास्थ्य उपचारको कार्यलाई निरन्तरता दिइने छ ।

६३. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहँच सुनिश्चितताको लक्ष्य प्राप्तिको लागि **"स्वस्थ गाउँपालिका, निरोगी गाउँबासी"** को सोचको नीति लिइने छ ।

६४. स्वास्थ्य संस्थाहरु बाट प्रदान गरिरहेका स्वास्थ्य सेवाहरुलाई चुस्त दुरुस्त गर्न सेवा प्रदायकको क्षमता अभिबृद्धिको लागि बिभिन्न किसिमका तालिम र औषधि तथा उपकरण खरिदको लागि बजेटको ब्यबस्था गरिने छ ।

६५. गंगादेव गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोसना गर्नका लागि हाल संचालित बर्थिङ्ग सेन्टरहरुलाई थप ब्यबस्थित बनाईने छ र आवश्यकताको आधारमा उपयुक्त देखिएमा प्रत्येक वडमा १/१ वटा बर्थिङ्ग सेन्टरहरु र सामुदायिक स्वास्थ्य इकाई केन्द्रहरु संचालनमा ल्याउन बजेटको ब्यबस्था गरिने छ।

६६. पालिका भित्र खोप तथा खोपजन्य सामाग्रीहरुको नियमित आपूर्ति ब्यबस्थापनका लागि सुविधा सम्पन्न भ्याक्सिन वितरण कक्ष स्थापना गरि नियमित बिजुलि बती तथा ब्याक्पको ब्यबस्थाका साथ साथै अन्य ब्यबस्थापन खर्चका लागि बजेटको ब्यबस्था गरिने छ।

६७. मोबाइल स्वास्थ्य कार्यक्रमको लागि सम्पूर्ण महिला स्वास्थ्य स्वयं सेविकालाई मासिक रुपमा कम्तिमा रु २०० देखि ५०० सम्मको मोबाइल रिचार्ज कार्डको र महिला स्वास्थ्य स्वयं सेविकाको लोगो सहितको झोलाको तथा बोर्डको ब्यबस्थापनका लागि आबश्यक बजेटको ब्यबस्था गरिने छ।

६८. कुपोषणको दर घटाउन पालिका भरि नै एक घर एक करेसा बारीको अवधारणलाई लागु गरिने छ।

६९. सबै स्वास्थ्य संस्थाहरु रेकर्डमा देखिएका सेवाग्राहीको अनुपातमा प्रशासनिक खर्च ब्यबस्थापनका लागि एक मुष्ठ अनुदान बजेटको ब्यबस्था गरिने छ ।

७०. जेष्ट नागरिक तथा क र ख वर्गका अपाङ्गता भएका ब्यक्तिहरुलाई स्वास्थ्यकर्मीहरु द्वारा निःशुल्क स्वास्थ्य परिक्षणको ब्यबस्थालाई निरन्तरता दिन आवश्यक बजेटको ब्यबस्था गरिने छ ।

७१. प्रत्येक माध्यमिक विद्यालयमा १/१ जना स्कुल नर्सको ब्यबस्थाको लागि पहल गरिने छ ।

७२. विद्यालयका वालवालिकाको निःशुल्क बल्ड गुरुपिङ्ग चेक जाँचको लागि क्रमशः सबै विद्यालयमा ब्यबस्था मिलाइने छ ।

सभाका सदस्यज्यूहरु,

## पुर्वाधार विकास तथा सिँचाई तर्फ

७३. संघीयता कार्यान्वयनको दोस्रो कार्यकाल सम्म पनि गाउँ पालिकाको प्रशासनिक भवन नबनेको सन्दर्भमा गाउँपालिकाको भौगोलिक रुपमा मध्य भाग, शान्ति सुरक्षाको व्यवस्था भएको, बजारको पहुँच, मोटरवेल बाटोको पहुँच भएको स्थान सुखाओडारमा सरल, सहज, पहुँच योग्य र प्रविधि युक्त आधुनिक पूर्वाधार र मापदण्डमा उल्लेख भएको पालिकाको आफ्नै जग्गामा प्रशासनिक भवन निर्माण गरि सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन पहल गरिने छ ।

७४. जिल्ला सदरमुकाम लिवाङसँग जोड्ने घर्तिगाउँ हुँदै सुखाओडार सम्मको मोटर बाटो समयमा जोड्नको लागि विशेष पहल गरिने छ ।

७५. गंगादेव गा.पा को सुखाओडार लगाएतका विभिन्न ठाउँ अत्यावश्यक मोटरेवल पक्कि पुल निर्माणका लागि आवश्यक पहल गरिने छ ।

७६. वडा नं. २ मा रहेको शिद्ध आधारभुत विद्यालय, वडा नं. ३ मा रहेको सिद्धार्थ नमुना मा.वि., वडा नं. ४ को सरस्वती मा.वि र वडा नं. ७ को लोकतन्त्र प्रा.वि सातडाँडा को प्राङ्गणबाटै मोटर बाटो भएको हुँदा बाटो निकासको पहिचान गरि समाधान गर्न आवश्यक प्रक्रिया अगाडी बढाइने छ।

७७. पालिकाका विभिन्न वडाहरुमा सहज आवागमनका लागि प्राथमिकताका आधारमा झोलुङ्गे पुल निर्माण गर्न सम्बन्धित निकायमा पहल तथा समन्वय गरिने छ ।

७८. प्रत्येक टोलमा रहेका आमा समूहको लागि आमा समुह सँग भएका सामान व्यवस्थापनको लागि १/१ वटा कच्ची भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

७९. प्रत्येक वडामा वर्षा याममा बिग्रिएका मोटरबाटो मर्मत तथा सफाई गर्दा सम्बन्धीत वडा मार्फत कार्यान्वयन हुने गरी आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

८०. गत आ.व. मा बजेट विनियोजन भई पुरा नभएको आयोजनाहरुलाई संचालन गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

८१. निर्माण कार्यमा गुणस्तर कायम गर्न अनुगमन कार्यलाई प्रभावकारी बनाउनका लागि सूचक सहितको कार्यविधि तयार गरी पूर्वाधारका योजना र कार्यक्रमहरुमा सञ्चालन गर्नु पूर्व, सञ्चालन हुदै गर्दा र सम्पन्न भए पश्चात तीन चरणको अनुगमन गरिने छ ।

८२. प्रत्येक विद्यालयमा खाजा व्यवस्थापनको लागि १/१ वटा खाजा कोठा निर्माणको लागि आवश्यक पहल गरिने छ ।

८३. सिँचाइको अभावमा बाँझो रहेका खेतीयोग्य जमिनमा सिँचाइ पुर्वाधारको विकास गरि कृषि उत्पादन बढाउन सहयोग पुऱ्याइने छ ।

८४. शित भण्डार गृह देखी पारेचौर हुदै चाख्लेपातल जोड्ने सडक खण्डमा ग्रावेल र नाला निर्माणको लागि आवश्यक पहल गरिने छ ।

८५. गंगादेव गाउँपालिकाको सबै भन्दा भु-भाग विजय धुरि वडा नं. ४ सम्म सडकको विस्तार गरि उक्त ठाउँमा रहेको सिद्ध मन्दिरलाई व्यवस्थित गरिने छ ।

८६. सानासाना टुक्रे योजनाको प्रभावकारीता कम देखिएकोले यसलाई कम गरि सकेसम्म २ लाख ५० हजार भन्दा माथिको योजना संचालन गरिने छ।

८७. पानीको स्रोत कम भएको ठाउँमा पक्की सिँचाइ पोखरी निर्माण गरी पानी जम्मा गरेर सिँचाइ गर्ने र लिफ्ट सिँचाइ प्रविधिबाट सिँचाइका योजनाहरु सञ्चालन गर्न संघ र प्रदेश सरकारलाई पहल गरिने छ।

८८. तत्काल सञ्चालनमा रहेका लघु जल विद्युत आयोजनाहरुलाई मर्मत सम्भार गरी सञ्चालन गरिने छ।

८९. ताप्ला हुदै बल्ले पातिहाल्न रातामाटा टावर हुदै रुकुम जोड्ने सडक निर्माण सम्पन्न गर्न पहल गरिने छ ।

९०. सुखाओडार सानडाँडा लोदचौर म्वालेखोला देखि डलसिंगे सडक खण्डलाई स्तरउन्नती गरिने छ ।

९१. सुखाओडार देखि राँक ताप्ला सम्मको मोटर बाटोलाई मोड सुभार र स्तरोन्ती गर्न आवश्यक पहल गरिने छ ।

९२. पालिका भित्र रहेका प्रत्येक मोटरबाटोलाई स्तरोन्नति तथा ग्राबेलको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

९३. गंगादेव गाउँपालिकाको सुखाओडार खोलामा तटबन्ध निर्माणको लागि आवश्यक पहल गरिने छ ।

९४. झाक्रीसल्ला जहेले मोटरेवल पुल निर्माणकझ लागि आवश्यक पहल गरिने छ ।

सभाका सदस्यज्यूहरु,

## श्रम तथा रोजगार

९५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमसँग आवद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्न बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।

९६. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कृषि तथा उत्पादनमूलक क्षेत्रमा जोड्ने गरी म्याचिङ फन्डमा काम गर्ने नीति अवलम्बन गरी कार्यान्वयन गरिनेछ ।

९७. सीपयुक्त र दक्ष श्रमिकहरूको अभावलाई सम्बोधन गर्न आवश्यकता अनुसार तालिमहरू सञ्चालन गरिनेछ।

९८. गंगादेव गाउँपालिका अन्तर्गत सञ्चालन हुने विकास निर्माणका कार्यहरूमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकता दिईनेछ ।

९९. रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारमा जानेहरूका लागि प्रशिक्षण तथा परामर्श सेवा र श्रम स्वीकृतिका लागि सहजिकरण गरिने छ।

१००. रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारीमा श्रम स्वीकृत गरी गएका श्रमिकहरूले र उनीहरूको परिवारले बोर्डबाट प्राप्त गर्नु पाउनुपर्ने कल्याणकारी कोषको लागी सहजीकरण गरिनेछ ।

१०१. स्थानीय कच्चा पदार्थलाई उपयोग गर्दै साना उद्योगहरू स्थापना गर्ने र स्थानीय श्रोतको उच्चतम् प्रयोग गर्दै थप रोजगारी सिर्जना गरिनेछ ।

१०२. संरचनागत विकास परियोजनाहरू ( जस्तै सडक निर्माण सिंचाई परियोजना ) सञ्चालन गर्ने र पर्यटकीय स्थलहरूको विकास गरेर स्थानीय स्तरमा रोजगारी सिर्जना गरिनेछ ।

## उद्यम विकास तर्फ

१०३. बेरोजगार भई बसेका हरेक किसिमका महिला पुरुष समेटिने गरी लघु उद्यमका क्षेत्रमा प्रवेश गराउनका लागी अति विपन्न परिवार छनोट गरी उद्यमशीलता तालिम प्रदान गरिने छ।

१०४. लघु उद्यम सिर्जनाका लागी गरिवी निवारणमा टेवा पुग्ने कार्यक्रम सञ्चलन गरिने छ। लघु उद्यमीहरूलाई वित्तिय पहुँचमा सुनिश्चिता गरी रोजगारी सिर्जना गरिने छ।

१०५. **"उद्यमशीलताको विकासः अर्थतन्त्रको मूल आधार"** को सोच सहित गंगादेव गाउँपालिकाबासीको उद्यमशीलताको विकास, विस्तार र प्रविधिकरण गरी उद्योग क्षेत्रको स्थापना मार्फत आय तथा रोजगारी वृद्धि गर्ने रणनीति लिइने छ।

१०६. व्यवसाय विस्तारमा टेवा पुर्याउनका लागी उद्यम व्यवसाय गरि रहेका उद्यमीहरूका लागी उद्यम व्यवसाय वृद्धि तथा विस्तारका लागी थप प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ।

१०७. स्थानीय कच्चा पदार्थमा आधारीत लघु तथा घरेलु उद्योगको प्रोत्साहनका लागी बजेट व्यवस्था गरिने छ।

१०८. औद्योगिक ग्रामको स्थापना, सञ्चालन तथा व्यवस्थापनको लागी आवश्यक व्यवस्था गरिने छ।

१०९. सफल उद्यमीलाई सम्मान गर्ने कार्यक्रमको व्यवस्था गरिने छ।

११०. महिलाहरूलाई उद्यममा प्रेरित गर्न **उपाध्यक्ष नारी उद्यमशीलता तालिम** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

१११. आर्थिक सामाजिक रुपमा पछि परेका वर्गको आयवृद्धि र सीप विकास वा जीविकोपार्जन सुधार वा उद्यमशीलताका लागी बजेट विनियोजन गरिने छ।

११२. **"सीपमा आत्मनिर्भरता"** भन्ने मूल नारा मध्यनजर गर्दै घर-घर स्वरोजगार कार्यक्रम लागू गरिने छ।

११३. लघु उद्यमीहरूले स्थानीय कच्चापदार्थबाट उत्पादित वस्तुहरूलाई मेला तथा प्रर्दशनी गर्नलाई बजेट विनियोजन गरिने छ।

११४. वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागी सीपमा लक्षित कार्यक्रम गरिने छ।

सभाका सदस्यज्यूहरु,

## खानेपानी तथा सरसफाई तर्फ

११५. सबै नागरिकलाई स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्य सहित "स्वस्थ र निरोगी जीवनका लागि शुद्ध पिउने पानी तथा सरसफाइ" को सोचलाइ अगाडी बढाइने छ ।

११६. वडा नं. २ मा पर्ने रहमाईमा खानेपानी समस्यालाई समाधान विशेष पहल गरिने छ।

११७. खानेपानी, स्वच्छता तथा सरसफाई (वास) योजना अनुसार प्राथमिकताका आधारमा सम्पूर्ण बस्ती समेट्ने गरी एक घर एक धाराको नीतिलाई कार्यान्वयन गर्दै लगिने छ ।

११८. समुदायमा स्वच्छता र सरसफाईको महत्त्वबारे सचेतना कार्यक्रमहरू तथा साबुन र पानीको प्रयोगबारे सचेतना कार्यक्रमहरूको आयोजना गरिने छ ।

११९. गाउँपालिका भित्र सञ्चालनम रहेका लिफ्ट खानेपानी योजनामा आउने विद्युत महशुल खर्चको निश्चित प्रतिशत रकम गाउँपालिकाबाट व्यहोर्ने व्यवस्था मिलाइने छ । खानेपानी उपभोक्ता समितिले आम उपभोक्ताबाट लिने मासिक शुल्कको दरमा मितव्ययिताको सुनिश्चित गरिने छ ।

१२०. पालिकाका विभिन्न वडाहरूमा रहेका पम्प मेसिन खानेपानीलाई व्यवस्थित गरिने छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

१२१. पालिकामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, दलित, आदिवासी जनजाति, पछाडि परेका वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रममा जोड दिईनेछ ।

१२२. गाउँपालिकामा संचालित सी.वी.आर. कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२३. लैंगिक तथा महिला हिंसा विरुद्ध शून्य सहनशिलता निति अपनाईनेछ ।

१२४. लैङ्गिक हिँसा निवारण,महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि छुट्टै कोष स्थापना गरी कार्यान्वयनमा ल्याइने छ ।

१२५. जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई थप परिमार्जन गरी निरन्तरता दिइनेछ ।

१२६. महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२७. महिला र पुरुषमा समान कामको लागि समान ज्याला कायम गर्ने र बेरोजगार तथा गरिबको पहिचान गर्न तथ्याङ्क संकलन गरिने छ ।

१२८. सार्वजनिक भवन तथा पूर्वाधार निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री बनाइनेछ।

१२९. गाउँपालिका भित्रका आमा समुहबाट महिला संजाल गठन गरिनेछ ।

१३०. महिला तथा बञ्चितीकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पाहिचान र परिपूर्ति गर्ने विषयमा दीगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुरुप बजेट विनियोजन गरिनेछ ।

१३१. रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्न आवश्यक रणनिति अपनाईनेछ।

१३२. महिलाहरुको जागरुपताको लागि विभिन्न पर्व तथा दिवसको अवसरमा विषेश कार्यक्रम संचालन गरिनेछ।

१३३. क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी बजेट तथा सामाजिक समावेशी बजेट निर्माण एंव परीक्षण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

१३४. स्थानीय तहको नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने कार्यदिशमा लैससास को दृष्टिले सम्पादन गर्ने गरी कार्य टोली निर्माण गर्ने र बजेटको सीमा निर्धारण गर्दा लैससास मा निश्चित प्रतिशत बजेट छुटयाई आवश्यक कदम चालिनेछ ।

१३५. बाल विवाह, बहु विवाह, अनमेल विवाह र सुनौला हजार दिनका आमाको स्याहारका लागि स्थानीय महिला आमा समुह, बालबालिका र स्थानीयलाई चेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

१३६. महिला विकासका लागि वेइजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धता र वाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिवद्धतालाई कार्यान्वयन गर्न आवश्यक कदम चालिनेछ ।

१३७. समावेशिकरण तथा लैंगिक समानता सम्बन्धी सूचना स्थानीय रेडियो, छापा माध्यम, पालिकाको आधिकारिक डिजिटल माध्यमहरु वेवसाईट, फेसवुक पेज मार्फत आम नागरिकलाई सु सुचित गरिनेछ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ

१३८. नेपाल सरकारबाट वितरण भएको बाल पोषण भत्तालाई बाल्यकालीन शिशु आहारसँग आबद्ध गराइने छ।

१३९. पोषण सम्बन्धी बाल अनुदानको प्रभावकारी उपयोगको सम्बन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखिकरण गरिने छ ।

१४०. सुत्किरी तथा गर्भवती महिलाहरुलाई खाद्य सुरक्षा कार्यक्रममा पोषण केन्द्रित गराउने छ ।

१४१. सुनौला हजार दिनका आमा तथा शिशुहरुको पोषण अवस्था सुधारका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन तथा पोषण परामर्श गरिनेछ ।

१४२. बाल विवाह न्युनिकरण र पोषण शिक्षाका लागि अभिभावक तथा किशोर किशोरीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१४३. लैङ्गिक हिंसा न्यूनिकरण तथा पोषण प्रवर्द्धनात्मक अनुशिक्षण तालिम तथा पैरवी कार्यक्रमहरुमा पुरुष सहभागिता बढाउने कार्यक्रम गरिनेछ ।

१४४. सुनौलो हजार दिनका महिलाहरुको लागी सर्बोत्तम पिठो र सिस्नो पाउडर बनाउने तथा मौसम अनुसारको जुस बनाउने तालिम सञ्चाल गरिनेछ ।

१४५. आमा समूह तथा स्वास्थ्य आमा समूहहरुको नियमित बैठ्कमा नाङ्लो प्रदर्शनी माध्यमबाट स्थानीय समुदायलाई खानपानको बानी व्यवहारमा परिवर्तन गर्न प्रोत्साहन गरिनेछ ।

१४६. विपन्न तथा सिमान्तकृत समुदायमा पोषण विशेष प्याकेजका कार्यक्रम सहित सबै वडालाई पोषणमैत्री स्थानीय शासन लागु गराउन प्रत्यन गरिनेछ ।

१४७. सुनौला हजार दिनका घरपरिवारका सदस्यलाई करेसाबारी निर्माण सम्बन्धी सैद्धान्तिक र व्यवहारीक ज्ञान दिने तालिम संचालन गरिनुका साथै च्याउको बिउ तथा अन्य उन्नत जातको बिउविजन वितरण गरिनेछ ।

१४८. महिला तथा आमा समूहमा आयआर्जन तथा पोषण सम्बन्धी तालिम सञ्चालन गरी व्यवसायिक योजनामा उद्यमशिलता विकासको लागि प्रोत्साहान गरिनेछ ।

१४९. सुनौलो हजार दिनका महिला तथा बालबालिका लक्षित गरेर पशुपंक्षीजन्य खाद्य पदार्थको महत्त्व दर्शाउने सूचनामूलक प्रचार सामग्री तथा पशुपंक्षी वितरण र पशुपंक्षी पालन सम्बन्धी व्यवसायिक तालिम गरिनेछ ।

१५०. दुई वर्ष मुनिका बच्चालाई नियमित जोखौ नुन बोकौ कार्यक्रम सञ्चालन गरिने छ ।

१५१. महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका तथा स्वास्थ्य समन्वयकर्ताको क्षमता अभिवृद्धि गरिनेछ।

१५२. बालविकास केन्द्र तथा विद्यालयहरुमा WASH कर्नरको व्यवस्था गरिनेछ ।

## सूचना तथा संचार प्रविधि तर्फ

१५३. ICT उपकरण र प्रणालीहरूको पर्यावरणीय प्रभाव न्यून गर्न हरित ICT अभ्यासहरूको प्रवर्द्धनको नीति लिइने छ ।

१५४. गाउँपालिकाले तथा वडा कार्यालय बाट दिइने सम्पुर्ण सिफरिस र विभिन्न प्रकारका प्रमाणपत्रमा एकरुपता कायम गर्न दर्ता चलानी तथा QR Code सहितको केन्द्रिकृत Digital इ-सिफारीस (e-Sifaris) प्रणाली सञ्चालनमा ल्याउन आवश्यक बजेट व्वस्थापन गरिने छ ।

१५५. पालिका भरमा राम्रो नेटवर्क कभरेजको सुनिश्चित गर्न नेपाल टेलिकम र एनसीएलको टावर स्थापनाको लागि आवश्यक पहल गरिने छ।

१५६. गंगादेव गाउँपालिका भित्रका सम्पुर्ण कार्यालय, मठ मन्दिर, गुम्बा तथा प्रमुख बाटोहरु समेटिएको गाउँ पालिकाको आफ्नै नक्सा निर्माण गरिने छ ।

१५७. डिजिटल साक्षरताका लागि निजी कम्पनीहरू र गैर-सरकारी संस्थाहरूसँग साझेदारी गरेर तालिम र शिक्षा कार्यक्रमहरू संचालन गरिने छ ।

१५८. किसानहरूलाई मौसम, बजार मूल्य, र खेतीपातीको जानकारी तथा पालिकाले सञ्चालन गर्ने कार्यक्रम र वितरण गर्ने विउ विजनको बारेमा जानकारी डिजिटल माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१५९. डिजिटल शिक्षा र तालिम कार्यक्रमहरूको लागि सामुदायिक सिकाई केन्द्रहरूको प्रयोगमा जोड दिइने छ ।

१६०. जनता सु-सुचित हुन पाउने सूचनाको हकको प्रत्याभुती गर्न कार्यालयबाट सम्पादित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिकरण गर्ने कार्यलाई मिडिया सहकार्य गरी सूचना प्रभाह गरिने छ ।

१६१. गाउँ पालिकाबाट प्रकाशन हुने सूचनाहरु स्थानीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइने छ । जनतालाई पालिकाले गरेका गतिविधिको जानकारी प्रदान गर्न कार्यक्रम **गंगादेव गतिविधि** संचालन गरिनेछ ।

१६२. सूचनाको हक सम्बन्धी कानुन बमोजिम नागरिकले मागेका सूचना तथा विवरणहरु समयमै सूचना अधिकारी बाट उपलब्ध गराइने व्यवस्थालाई निरन्तरता दिइने छ ।

## सहकारी तथा वित्तीय सेवा तर्फ

१६३. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक बजेटको ब्यवस्था गरी सहकारी शिक्षा संचालन गरिनेछ ।

१६४. सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी उत्पादनमूलक व्यवसाय सञ्चालन गर्ने कार्य अघि बढाइने छ।

१६५. ऋण प्राप्ति प्रक्रिया, बैकिङ सेवाहरू र बचत योजनाको जानकारी प्रदान गर्न वित्तीय सहायता र सचेतना सहितको सहकारी शिक्षा कार्यक्रम संचालन गरिने छ ।

१६६. गंगादेव गाउँपालिका भित्र उत्पादन हुने किवि, स्याउ, सुन्तला लगायतका मौसम अनुसारका विभिन्न जातका फलफूलहरुको सहकारी मार्फत प्रशोधन उद्योग सञ्चालन गरी आय आर्जन वृद्धि गर्न संघ, प्रदेश तथा अन्य सहयोगी निकायहरुलाई पहल तथा समन्वय गरिने छ ।

१६७. सहकारीको माध्यमबाट महिलाहरुको क्षमताविकास,सशक्तीकरण र आय आर्जन सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।

१६८. पालिका भित्रका सहकारीले शेयर सदस्य संख्या तथा प्रवाह गरेको ऋणको विवरण मासिक रुपमा पालिका रहेको सहकारी शाखामा पठाउनु पर्ने व्यवस्था गरिने छ ।

१६९. सहकारी मार्फत अनुदानित रसायनिक मल समयमा कृषकलाई वितरण गरिने छ र प्रभावकारी नियमन गरिने छ ।

सभाका सदस्यज्यूहरु,

## पर्यटन तर्फ

१७०. ऐतिहासिक सुकिदह धार्मिक तथा पर्यटकीय क्षेत्र वडा नं २ रहमाईलाई निरन्तरता दिइने छ ।

१७१. प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्शाङ्कन गरी प्रमुख पहाडी चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण तथा होमस्टेको व्यवस्था सहित गंगादेवका कम्तिमा २ वटा बस्तीलाई नमुना पर्यटकीय गाउँको रूपमा विकास गर्न विकास गुरुयोजना निर्माण कार्य अगाडी बढाइने छ ।

१७२. सल्यान रुकुमको खौला देखि दलसिंगे लाममेला रातामाटा रिपिटर टावर क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गरी आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१७३. वडा नं. ७ मा रहेको राँकमा धुरीलाई पर्यटकीय स्थल बनाउन विशेष पहल गरिने छ ।

१७४. तपोवन शिवगुफा धार्मिक तथा पर्यटन क्षेत्र वडा नं १ शिवनगर ओतलाई प्रवर्द्धन गरिने छ ।

१७५. कृषि हवका रुपमा रहेको गंगादेव गा.पा.को वडा नं. ३ लगायतका वडाहरूलाई कृषि पर्यटनका रुपमा विकास गरिने छ ।

१७६. गाउँपालिका भित्रका सबै मन्दिरहरूलाई संरक्षण तथा निर्माणको लागि पहल गरिने छ ।

## राजश्व तर्फ

१७७. राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुका लागि तालिमको व्यवस्था मिलाइने छ।

१७८. विभिन्न सञ्चार माध्यमबाट कर सङ्कलनका लागि चेतनामूलक प्रचारप्रसार गर्न जोड दिइनेछ।

१७९. सबै व्यवसायीहरुलाई करको दायरामा लिइने व्यवस्था मिलाइनेछ।

१८०. नागरिकहरूमा कर सम्बन्धी जागरूकता बढाउन राजस्व शिक्षा कार्यक्रमको आयोजना गरिने छ।

१८१. करदाता परिचय नम्बरको व्यवस्था र सबै नागरिकलाई कर प्रणालीमा समावेश गर्ने कार्यक्रम संचालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ।

१८२. उत्कृष्ट करदातालाई पुरस्कृत गरिने छ ।

## न्यायिक समिति तर्फ

१८३. गाउँबासीका न्यायमा पहुँच स्थापित गर्न सहज कानुनी उपचारको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१८४. न्यायिक समिति र मातहतका मेलमिलाप, कर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्याय सम्पादनको कार्यलाइ प्रभावकारी बनाउन जोड दिइनेछ।

१८५. गाउँपालिकाको सवै वडा र मेलमिलाप केन्द्रबाट विवादलाई समाधान गर्ने व्यवस्थालाइ निरन्तरता दिइनेछ।

१८६. गाउँपालिकाको मेलमिलाप कक्ष बाट न्याय निरुपण कार्य गरिनेछ। न्यायिक सेवा प्रवाहको लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिने छ।

१८७. गाउँपालिका भित्र रहेका न्याय संग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया छलफल कार्य गरिने छ।

## वन वातावारण तथा विपद् व्यवस्थापन तर्फ

१८८. पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरी उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्य गरिने छ ।

१८९. जडीबुटी, फलफूल, दालचिनी, पुदिना(बास्मती), ओखर, टिमुरजस्ता बहुँउपयोगी बोटविरुवालाई वृक्षारोपण कार्यक्रम संघ र प्रदेश सरकारसँग समन्वय गरी निरन्तरता दिइने छ ।

१९०. विपद्पछि पुनःस्थापना र पुनर्निर्माण प्रयासहरू अबलम्बन गरिने छ ।

१९१. स्थानीय स्तरमा विपद् व्यवस्थापन समितिहरूको स्थापना र सशक्तीकरण गर्ने कार्यलाई अगाडि बढाइने छ।

सभाका सदस्यज्यूहरु

अन्य उपस्थित महानुभावहरु

यस गाउँ पालिकाको नीति तथा कार्यक्रम **समृद्ध गंगादेव, सम्मानीत गंगादेवबासी** निर्माणको दीर्घकालिन सोंच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो । गाउँपालिकाको एक्लो प्रयासबाट मात्रै अपेक्षा गरिएका लक्ष्य हासिल गर्न सम्भव छैन । सङ्घीय सरकार, प्रदेश सरकार, सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक र सहकारी संघ संस्थाहरुको संयुक्त प्रयास, सहकार्य र स्वामित्वलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु अपरिहार्य छ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको सहयोग रहने विश्वासका साथ समृद्ध गाउँ निर्माणको अभियानमा सहभागिताका लागि आव्हान गर्दछु ।

अन्तमा, गाउँपालिकाको विकासको लागि योगदान पुयाउने नेपाल सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय तह, विभिन्न दातृ निकायहरु, स्थानीय प्रशासन, सामाजिक संघ संस्था, नगरसभा सदस्य, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार जगत, राष्ट्रसेवक कर्मचारी, बुद्धिजिवी लगायत सम्पूर्ण गाउँवासी दाजुभाई दिदी बहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

हरि बहादुर पुन

अध्यक्ष

गंगादेव गाउँपालिका रोल्पा